संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख ५ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ह्वयापह्वयाप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा आन्दोलनरत हरुवा चरुवाको मागलाई सरकारले समयमै सम्बोधन गर्नुपर्ने, मलेसियामा म्यानपावर व्यवसायी मृत भेटिएको घटनाको सम्बन्धमा छानविन हुनुपर्ने, लिपिङ क्षेत्रमा तत्काल अध्यागमन कार्यालयको व्यवस्था गर्नुपर्ने, खरिद गरिएको चालीस लाख खोप किन प्रयोग गर्न मिलेन यस सम्बन्धमा सरकारले जवाफ दिनुपर्ने, धनुषामा सत्र वर्षिया बालिकालाई भाईको फोटो देखाई अधवैशे दाजुसँग विवाह गराई भाईसँग जवरजस्ती गर्न लगाउने घृणित कार्य गर्नेलाई कारवाही गर्नुपर्ने, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रले भाडामा उपलब्ध गराएको वेईजिङ डक र बाणिज्य वैंक भएको भवनको भाडा ६/७ वर्षदेखि भाडा प्राप्त नभएको प्रति सरकारले ध्यान दिनुपर्ने, दलितप्रतिको विभेदका सम्बन्धमा विभिन्न कानूनी व्यवस्था भए पनि कार्यान्वयन पक्ष फितलो भएकोले सरकारले उचित ध्यान दिनुपर्ने, नेपालमा विभिन्न विकास निर्माण कार्यमा प्रयोग हुने विष्फोटक पदार्थ नेपाली सेनाले नै पर्याप्त मात्रामा आफै उत्पादन गर्न सक्ने गरी क्षमता विकास गर्नुपर्ने, मिटर व्याज र लघूवित्त पिडित विरुद्ध भएको प्रहरि धरपकड सम्बन्धमा गृह मन्त्रीले जवाफ दिनुपर्ने, विद्यमान भूउपयोग नीति, भूमि ऐन र वर्तमान गठन आदेशले गर्दा बाटोलाई आधार मानेर कृषि योग्य जमिनको तिरो तिर्न किसानलाई सकस परेको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
२. मा० श्री मानबीर राई
३. मा० श्री माधव सापकोटा
४. मा० श्री देवेन्द्र पौडेल
५. मा० श्री रोसन कार्की
६. मा० श्री मेटमणि चौधरी
७. मा० श्री रुपा वि.क.
८. मा० श्री रघूजी पन्त
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री चित्र बहादुर के.सी.

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री विक्रम पाण्डे
२. मा० श्री विजुला रायमाझी
३. मा० श्री विद्या भट्टराई
४. मा० श्री विना लामा
५. मा० श्री विनिता कुमारी सिंह
६. मा० श्री विनोद कुमार चौधरी
७. मा० श्री विर बहादुर वलायर
८. मा० श्री वीना जैसवाल
९. मा० श्री शान्ती श्रेष्ठ
१०. मा० श्री शिशिर खनाल
११. मा० श्री सन्तोष चालिसे
१२. मा० श्री सपना राज भण्डारी
१३. मा० श्री सरस्वती बजिमय
१४. मा० श्री सरस्वती सुब्बा
१५. मा० श्री सुमना श्रेष्ठ
१६. मा० श्री सुरेन्द्र राज आचार्य
१७. मा० श्री सूर्य प्रसाद ढकाल
१८. मा० श्री सूर्य मान तामाङ (दोङ)
१९. मा० श्री सोनु मर्मु
२०. मा० श्री हर्कमाया विश्वकर्मा
२१. मा० श्री हित राज पाण्डे
२२. मा० श्री हेमराज राई
२३. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२४. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री भिम प्रसाद आचार्य

| | |
|---|---|
| ३. मा० श्री हित बहादुर तामाङ | १०. मा० डा० अमरेश कुमार सिंह |
| ४. मा० श्री निशा डागी | ११. मा० श्री सीता कुमारी राना |
| ५. मा० श्री ज्ञान बहादुर शाही | १२. मा० श्री एकनाथ ढकाल |
| ६. मा० श्री रन्जु कुमारी झा | १३. मा० श्री रमा कोईराला पौडयाल |
| ७. मा० श्री शेर बहादुर कुवँर | १४. मा० श्री बासुदेव घिमिरे |
| ८. मा० श्री अनिता देवी | १५. मा० श्री सम्झना थपलिया |
| ९. मा० श्री अरुण कुमार चौधरी | |

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) बमोजिम आकस्मिक, शून्य र विशेष समयमा मा० सदस्यहरुले उठाउनु भएको विषयहरुका सम्बन्धमा मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठले जवाफ दिनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल “प्रचण्ड” ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/०३ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री नारायण प्रकाश साउद | मन्त्री | परराष्ट्र मन्त्रालय |
| २. | श्री नन्दा चपाई | राज्यमन्त्री | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |

यादवप्रसाद कोइराला

मिति: २०८०/०१/०३ सचिव

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले “राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९” पेश गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूचीमा बाँकी रहेको राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्” भन्ने कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८० साल बैशाख ६ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव